# नेपाल राष्ट्र बैंक मनिचेञ्जर इजाजतपत्र
# तथा
# निरीक्षण विनियमावली, २०७७

(तेस्रो संशोधनसहित)

**नेपाल राष्ट्र बैंक**

केन्द्रीय कार्यालय

विदेशी विनिमय व्यवस्थापन विभाग

२०७७

# नेपाल राष्ट्र बैंक मनिचेञ्जर इजाजतपत्र तथा निरीक्षण विनियमावली, २०७७

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ तथा विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ३ बमोजिम इजाजतपत्र लिई मनिचेञ्जरको कारोबार गर्ने कम्पनीलाई इजाजतपत्र प्रदान गर्ने एवम् तिनीहरूको निरीक्षण तथा सुपरिवेक्षण गर्ने प्रयोजनको लागि नेपाल राष्ट्र बैंकको सञ्चालक समितिले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ र विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी देहायका विनियमहरू बनाएको छ।

## परिच्छेद - १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस विनियमावलीको नाम **"नेपाल राष्ट्र बैंक मनिचेञ्जर इजाजतपत्र तथा निरीक्षण विनियमावली, २०७७"** रहेको छ।

(२) यो विनियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियमावलीमा :-

(क) "आदेश वा निर्देशन वा सूचना" भन्नाले राष्ट्र बैंकले ऐन वा प्रचलित कानुन बमोजिम समय समयमा जारी गरेको आदेश वा निर्देशन वा सूचना सम्झनु पर्छ।

(ख) "इजाजतपत्र" भन्नाले राष्ट्र बैंकले विदेशी विनिमयमा कारोबार गर्न मनिचेञ्जरलाई जारी गरेको इजाजतपत्र सम्झनु पर्छ।

(ग) "इजाजतपत्रप्राप्त संस्था" भन्नाले विनियम (९) बमोजिम इजाजतपत्र प्राप्त गरेको कम्पनी सम्झनु पर्छ।

(घ) "एकाघर परिवार" भन्नाले मनिचेञ्जर शेयरधनीको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालनपोषण गर्नु पर्ने दाजु भाउजु, भाइ बुहारी र दिदी बहिनी सम्झनु पर्छ। तर सो शब्दले अंशवण्डा गरी मानो छुट्टिई आ-आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन।

(ङ) "ऐन" भन्नाले विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ सम्झनु पर्छ।

(च) "कारोबार" भन्नाले ऐनको दफा ३ को उपदफा (३) बमोजिम राष्ट्र बैंकले तोकिदिएको विदेशी मुद्रा खरिद वा खरिद तथा बिक्री गर्ने दुवै कामलाई सम्झनु पर्छ।

(छ) "कार्यालय" भन्नाले नेपाल राष्ट्र बैंकका प्रदेशस्थित कार्यालयहरूलाई सम्झनु पर्दछ।

(ज) “कार्यालय प्रमुख” भन्नाले नेपाल राष्ट्र बैंकका प्रदेशस्थित कार्यालयहरूको प्रमुखलाई सम्झनु पर्दछ ।

(झ) “गभर्नर” भन्नाले राष्ट्र बैंकको गभर्नर सम्झनु पर्छ ।

(ञ) “निरीक्षक” भन्नाले विदेशी विनिमयको कारोबार गर्न इजाजतपत्रप्राप्त मनिचेञ्जरको स्थलगत निरीक्षण गर्नको लागि राष्ट्र बैंकले खटाएको निरीक्षण टोलीका सदस्य सम्झनु पर्छ र सो शब्दले राष्ट्र बैंकले सोही कार्यको लागि खटाएको विशेषज्ञ तथा संस्था समेतलाई जनाउँदछ ।

(ट) “निरीक्षण टोली” भन्नाले विदेशी विनिमयको कारोबार गर्न इजाजतपत्रप्राप्त मनिचेञ्जरको स्थलगत निरीक्षण गर्नको लागि राष्ट्र बैंकले खटाएको निरीक्षण टोली सम्झनु पर्छ ।

(ठ) “निवेदक” भन्नाले मनिचेञ्जर इजाजतपत्रका लागि मनिचेञ्जर कम्पनी संस्थापना गरी उक्त कम्पनीको शेयरधनी तथा सञ्चालक हुन इच्छुक प्राकृतिक व्यक्ति सम्झनुपर्छ ।

(ड) “पदाधिकारी” भन्नाले मनिचेञ्जरको सञ्चालक, कार्यकारी प्रमुख, कम्पनी सचिव र कुनै विषयमा निर्णय गर्ने मनिचेञ्जरको अख्तियारी प्राप्त अधिकृतस्तरको कर्मचारी सम्झनु पर्छ ।

(ढ) “परिवर्त्य विदेशी मुद्रा” भन्नाले नेपाल राष्ट्र बैंक ऐन अनुसार राष्ट्र बैंकले सार्वजनिक सूचना प्रकाशन र प्रशारण गरी परिवर्त्य विदेशी मुद्रा भनी तोकिदिएको विदेशी मुद्रा सम्झनु पर्छ ।

(ण) “प्रदेशस्थित कार्यालय” भन्नाले प्रदेशहरूमा अवस्थित नेपाल राष्ट्र बैंकका कार्यालयहरू सम्झनु पर्दछ ।

(त) “बैंक” भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४९ को उपदफा (१) बमोजिमको बैंकिङ तथा वित्तीय कारोबार गर्न संस्थापना गरिएको सङगठित संस्था सम्झनु पर्छ ।

(थ) “मनिचेञ्जर” भन्नाले ऐनको दफा ३ बमोजिम विदेशी विनिमय कारोबार गर्न राष्ट्र बैंकबाट मनिचेञ्जरको इजाजतपत्रप्राप्त कम्पनी सम्झनु पर्छ ।

(द) “राष्ट्र बैंक” भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ ।

(ध) “वित्तीय संस्था” भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४९ को उपदफा (२) बमोजिमको कारोबार गर्न संस्थापना भएको विकास बैंक र उपदफा (३) बमोजिम कारोबार गर्न संस्थापना भएको वित्त कम्पनी सम्झनु पर्छ ।

(न) “विदेशी मुद्रा” भन्नाले नेपाली मुद्रा बाहेकका अन्य मुद्रा सम्झनुपर्छ र सो शब्दले अन्तर्राष्ट्रिय मुद्रा कोषबाट रकम झिक्ने विशेषाधिकार (स्पेशल ड्रइङ राइट्स), एशियन करेन्सी युनिट, युरोपियन करेन्सी युनिट, तथा राष्ट्र बैंकले आवश्यकता अनुसार सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी तोकिदिएको अन्य उपकरण समेतलाई जनाउँछ ।

(प) “विभाग” भन्नाले राष्ट्र बैंकको विदेशी विनिमय व्यवस्थापन विभाग सम्झनु पर्छ ।

(फ) ‘‘विभागीय प्रमुख’’ भन्नाले राष्ट्र बैंकको विदेशी विनिमय व्यवस्थापन विभागका प्रमुखलाई सम्झनु पर्छ ।

(ब) “सञ्चालक” भन्नाले विदेशी विनिमयको कारोबार गर्न इजाजतपत्रप्राप्त मनिचेञ्जरको सञ्चालक समितिको सदस्य सम्झनु पर्छ ।

(ब१) “सम्बन्धित सुपरिवेक्षण विभाग” भन्नाले राष्ट्र बैंकको गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग सम्झनु पर्छ । [१]

(भ) “सुपरिवेक्षक” भन्नाले विदेशी विनिमयको कारोबार गर्न इजाजतपत्रप्राप्त मनिचेञ्जरको गैर-स्थलगत सुपरिवेक्षण गर्नको लागि राष्ट्र बैंकले खटाएको सुपरिवेक्षण टोलीका सदस्य सम्झनु पर्छ र सो शब्दले राष्ट्र बैंकले सोही कार्यको लागि खटाएको विशेषज्ञ तथा संस्था समेतलाई जनाउँदछ ।

(म) “सुपरिवेक्षण टोली” भन्नाले विदेशी विनिमयको कारोबार गर्न इजाजतपत्रप्राप्त मनिचेञ्जरको गैर-स्थलगत सुपरिवेक्षण गर्नको लागि राष्ट्र बैंकले खटाएको सुपरिवेक्षण टोली सम्झनु पर्छ ।

## परिच्छेद - २

## इजाजतपत्र प्रदान गर्ने सम्बन्धी व्यवस्था

३. इजाजतपत्र लिनुपर्ने : मनिचेञ्जरको कारोबार गर्ने कम्पनीले यस विनियमावली बमोजिम विभागबाट इजाजतपत्र लिनु पर्नेछ ।

४. इजाजतपत्रका लागि निवेदन दिनुपर्ने :

(१) विभागले देहाय बमोजिमको प्रक्रिया अपनाई कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएका कम्पनीलाई मनिचेञ्जरको कारोबार गर्नका लागि इजाजतपत्र प्रदान गर्न सक्नेछ :-

(क) मनिचेञ्जरलाई कारोबार गर्ने क्षेत्र किटान गरी निवेदन आह्वान गरेर, वा

[१] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/०३/१५ मा बसेको बैठक ( बैठक संख्या: ९/२०७९) को निर्णयबमोजिम संशोधन भएको ।

(ख) मनिचेञ्जरको कारोबार गर्न पाउँ भनी प्राप्त भएको निवेदनको आधारमा ।

(२) उपविनियम (१) बमोजिम मनिचेञ्जरको कारोबार गर्न इच्छुक निवेदकले अनुसूची-१ बमोजिमको ढाँचामा अनुसूची-१(क) बमोजिमका कागजात सहित कारोबार गर्ने क्षेत्र काठमाडौं उपत्यकाभित्र भएमा विभागमा र काठमाडौं उपत्यका बाहिर भएमा राष्ट्र बैंकको सम्बन्धित प्रदेशस्थित कार्यालयमा निवेदन दिनुपर्नेछ । राष्ट्र बैंकको प्रदेशस्थित कार्यालय पायक नपर्ने भएमा विभागमा निवेदन दिन सकिनेछ ।

(३) मनिचेञ्जरको कारोबार गर्न निवेदन दिने निवेदक, सञ्चालक तथा पदाधिकारीको योग्यता देहाय बमोजिम हुनु पर्नेछ :-

(क) १८ वर्ष उमेर पूरा भएको नेपाली नागरिक,

(ख) मानसिक सन्तुलन ठीक भएको,

(ग) ऋण तिर्न नसकी साहूको दामासाहीमा नपरेको,

(घ) बैंक वा वित्तीय संस्थासँगको कुनै कारोबारमा कालोसूचीमा परेको भए त्यस्तो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा तीन वर्ष पूरा भएको,

(ङ) प्रचलित कानुन बमोजिम कर तिर्नु पर्ने दायित्व भएमा त्यस्तो कर चुक्ता गरेको,

(च) नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट सजाय पाएको भए त्यस्तो सजाय भुक्तान भएको मितिले पाँच वर्ष पुगेको,

(छ) भ्रष्टाचार वा ठगीको कसूरमा अदालतबाट सजाय पाएको भए त्यस्तो सजाय भुक्तान भएको मितिले पाँच वर्ष पुगेको,

(ज) कुनै सरकारी, सार्वजनिक वा बैंक तथा वित्तीय संस्थाको सेवाको पदमा बहाल नरहेको,

(झ) बैंक तथा वित्तीय संस्थाको काम कारबाहीमा बेइमानी वा बदनियत गरेको कुरा प्रमाणित नभएको ।

(ञ) सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसुरमा सजाय नपाएको ।

५. <u>इजाजतपत्रको शुल्क सम्बन्धी व्यवस्था :</u>

(१) मनिचेञ्जरको कारोबारको इजाजतपत्र प्राप्त गर्न देहाय बमोजिमको शुल्क राष्ट्र बैंकमा बुझाउनु पर्नेछ :-

(क) भारतीय रुपैयाँ खरिद बिक्री कारोबारका लागि पच्चिस हजार रुपैयाँ ।

(ख) परिवर्त्य विदेशी मुद्राको खरिद कारोबारका लागि एक लाख रुपैयाँ ।

(ग) खण्ड (क) र (ख) बमोजिमका दुवै कारोबारका लागि एक लाख पच्चिस हजार रुपैयाँ ।

(घ) विदेश भ्रमणमा जाने नेपाली नागरिकहरुलाई राहदानी बापत तोकिएबमोजिमको सटही सुविधा प्रदान गर्ने कारोबारका लागि थप पच्चीस हजार रुपैयाँ ।[1]

६. <u>इजाजतपत्रको लागि धरौटी सम्बन्धी व्यवस्था :</u>

(१) मनिचेञ्जरको कारोबारको इजाजतपत्र प्राप्त गर्न तथा इजाजतपत्र नवीकरण गर्न देहाय बमोजिमको धरौटी राष्ट्र बैंकमा बुझाउनु पर्नेछ :-

(क) भारतीय रुपैयाँ खरिद बिक्री कारोबारका लागि एक लाख रुपैयाँ ।

(ख) परिवर्त्य विदेशी मुद्राको खरिद कारोबारका लागि पाँच लाख रुपैंया ।

(ग) खण्ड (क) र (ख) बमोजिमको दुवै कारोबारका लागि छ लाख रुपैयाँ ।

(घ) विदेश भ्रमणमा जाने नेपाली नागरिकहरुलाई राहदानी बापत तोकिएबमोजिमको सटही सुविधा प्रदान गर्ने कारोबारका लागि थप दुई लाख रुपैयाँ ।[2]

(२) उपविनियम (१) बमोजिमको धरौटी रकम नगद वा बैंक तथा वित्तीय संस्थाबाट जारी भएको जमानतको रूपमा समेत राख्न सकिनेछ । बैंक तथा वित्तीय संस्थाबाट जारी भएको जमानतको हकमा सोको अवधि कम्तीमा अठ्चालीस महिनाको हुनु पर्नेछ ।

(३) उपविनियम (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि यो विनियमावली लागू हुनु पूर्व इजाजतपत्र प्राप्त गरिसकेका मनिचेञ्जरहरूको हकमा उपविनियम (२) मा उल्लिखित अवधिको बैंक तथा वित्तीय संस्थाबाट जारी भएको जमानत ती मनिचेञ्जरहरूले इजाजतपत्र नवीकरण गर्दा पेश गर्नुपर्नेछ ।

७. <u>नगद धरौटी सम्बन्धी व्यवस्था</u> :

(१) मनिचेञ्जरको कारोबार गर्ने इजाजतपत्र प्राप्त गर्न विनियम ६ बमोजिमको धरौटीको अतिरिक्त राष्ट्र बैंकको धरौटी खातामा देहाय बमोजिमको नगद धरौटी राख्नु पर्नेछ :-

(क) भारतीय रूपैयाँ खरिद बिक्री कारोबारका लागि पचास हजार रूपैयाँ ।

(ख) परिवर्त्य विदेशी मुद्राको खरिद कारोबारका लागि पचहत्तर हजार रूपैयाँ ।

(ग) खण्ड (क) र (ख) बमोजिमको दुवै कारोबारका लागि एक लाख रूपैयाँ ।

---

[1] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/०३/१५ मा बसेको बैठक ( बैठक संख्याः ९/२०७९) को निर्णयबमोजिम संशोधन भएको ।

[2] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/०३/१५ मा बसेको बैठक ( बैठक संख्याः ९/२०७९) को निर्णयबमोजिम संशोधन भएको ।

(२) उपविनियम (१) बमोजिम राखेको नगद धरौटी रकम विनियम १९ को उपविनियम (३) बमोजिम मनिचेञ्जर कारोबार गर्ने इजाजतपत्र रद्द भए पश्चात् वा विनियम २२ बमोजिम मनिचेञ्जर कारोबार बन्द गर्ने निवेदन प्राप्त भए पश्चात् फिर्ता माग गरेमा मनिचेञ्जरको कारोबार बन्द गर्न राष्ट्र बैंकले प्रकाशित गरेको सूचना बापतको रकम कट्टा गरी बाँकी रकम मात्र फिर्ता गरिने छ ।

८. पुँजी सम्बन्धी व्यवस्थाः

(१) मनिचेञ्जर कारोबार गर्ने इजाजतपत्र प्राप्त गर्न देहाय बमोजिमको न्यूनतम चुक्ता पुँजी कायम गर्नुपर्नेछ :-

(क) भारतीय रुपैयाँ खरिद बिक्री कारोबारका लागि दश लाख रुपैयाँ ।

(ख) परिवर्त्य विदेशी मुद्राको खरिद कारोबारका लागि पन्ध्र लाख रुपैयाँ ।

(ग) खण्ड (क) र (ख) बमोजिमका दुवै कारोबारका लागि बीस लाख रुपैयाँ ।

९. इजाजतपत्र प्रदान गर्ने :

(१) विनियम ४ को उपविनियम (२) बमोजिम पर्न आएको निवेदन उपर छानबिन गरी विभागले मनिचेञ्जरको इजाजतपत्र प्रदान गर्न उपयुक्त देखिएमा अनुसूची-२ बमोजिमको ढाँचामा सैद्धान्तिक सहमतिपत्र प्रदान गर्न सक्नेछ । यस्तो इजाजतपत्र प्रदान गर्दा विभागले निवेदकले माग गरेको स्थानको सट्टामा अन्य उपयुक्त स्थानमा मनिचेञ्जरको कारोबार गर्ने गरी इजाजतपत्रको लागि पहल गर्न आवश्यक निर्देशन समेत दिन सक्नेछ ।

(२) उपविनियम (१) बमोजिम सहमतिपत्र प्राप्त गरेपछि निवेदकले उक्त सहमतिपत्रमा उल्लिखित अनुसूची-३ बमोजिमका सम्पूर्ण कागजात तथा प्रक्रिया पूरा गरी पैंतिस दिनभित्र राष्ट्र बैंकको विभाग/प्रदेशस्थित कार्यालयलाई लिखित जानकारी दिनु पर्नेछ ।

(३) उपविनियम (२) बमोजिमको जानकारी प्राप्त भएपछि कारोबार गर्ने स्थानको भौतिक पूर्वाधारको स्थलगत निरीक्षण लगायतको अध्ययन गर्दा उपयुक्त देखिएमा विभागले त्यस्ता कम्पनीलाई अनुसूची-४ बमोजिमका शर्तको अधीनमा रही मनिचेञ्जरको कारोबार गर्न अनुसूची-५ बमोजिमको ढाँचामा तीन वर्षको लागि इजाजतपत्र प्रदान गर्न सक्नेछ ।

(४) उपविनियम (३) बमोजिम प्रदान गरिने इजाजतपत्र देहाय बमोजिमका हुनेछन्:-[1]

(क) भारतीय रुपैयाँको खरिद र बिक्री कारोबार गर्ने ।

(ख) परिवर्त्य विदेशी मुद्राको खरिद कारोबार मात्र गर्ने ।

(ग) खण्ड (क) र (ख) बमोजिमको दुवै कारोबार गर्ने ।

---

[1] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/०३/१५ मा बसेको बैठक ( बैठक संख्याः ९/२०७९) को निर्णयबमोजिम संशोधन भएको ।

(घ) खण्ड (ग) बमोजिमको कारोबार र विदेश भ्रमणमा जाने नेपाली नागरिकहरुलाई राहदानी बापत तोकिएबमोजिमको सटही सुविधा बापत परिवर्त्य विदेशी मुद्रा बिक्री गर्ने । तर, यस्तो इजाजतपत्र नागरिक उड्डयन प्राधिकरणको सिफारिसका आधारमा अन्तर्राष्ट्रिय विमानस्थल परिसरभित्रका लागि मात्र प्रदान गरिनेछ ।[१]

(४क) इजाजतपत्रप्राप्त मनिचेञ्जरहरुले नवीकरण गर्दाको बखतमा इजाजतपत्रमा उल्लिखित कारोबारको प्रकार थप/घट गर्न निवेदन पेश गरेमा साबिकको इजाजतपत्रको म्यादसँग तादात्म्य हुने गरी विभागले कारोबारको प्रकार थप/घट गर्न सक्नेछ । तर, इजाजतपत्रको नवीकरण गर्ने म्याद अगावै कुनै प्रकारको कारोबार थप गर्न निवेदन पेश गरेमा थप हुने कारोबारको लागि विनियम (५) बमोजिमको शुल्क लिई तोकिएका व्यवस्थाहरु पालना हुने गरी साबिकको इजाजतपत्रको बाँकी अवधिसम्मको लागि कारोबार थप गर्न सकिनेछ । [२]

(५) प्रदेशस्थित कार्यालयको कार्यक्षेत्रको हकमा सम्बन्धित कार्यालयले निवेदन लिई विभाग समक्ष सिफारिस गर्ने र सोको औचित्य हेरी विभागले उपविनियम (१) देखि (४) बमोजिम हुने गरी तीन वर्षको लागि इजाजतपत्र प्रदान गर्न सक्नेछ ।

## परिच्छेद - ३

## मनिचेञ्जरको काम, कर्तव्य

१०. मनिचेञ्जर कारोबार गर्दा पालना गर्नुपर्ने शर्तहरू :

(१) मनिचेञ्जरको कारोबार गर्न इजाजतपत्रप्राप्त कम्पनीले देहाय बमोजिमका कामहरू मात्र गर्न पाउने छन् :-

(क) भारतीय रुपैयाँको कारोबार गर्न इजाजतपत्रप्राप्त कम्पनीले सो मुद्राको खरिद तथा बिक्री दुवै कारोबार गर्न सक्नेछन् ।

(ख) परिवर्त्य विदेशी मुद्राको खरिद कारोबार गर्न इजाजतपत्रप्राप्त कम्पनीले त्यस्तो मुद्रा खरिद मात्र गर्न सक्नेछन् ।[३]

(ग) मनिचेञ्जरले खरिद गरेको परिवर्त्य विदेशी मुद्रा कारोबार भएको दुई कार्य दिनभित्र राष्ट्र बैंक वा बैंक तथा वित्तीय संस्थामा जम्मा गर्नु पर्नेछ ।

(घ) इजाजतपत्रप्राप्त मनिचेञ्जरहरूले आफ्नो कारोबारका लागि आवश्यक पर्ने भारतीय रुपैयाँको व्यवस्थापन आफैले गर्नु पर्नेछ ।

---

[१] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/०३/१५ मा बसेको बैठक ( बैठक संख्या: ९/२०७९) को निर्णयबमोजिम संशोधन भएको ।

[२] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/०३/१५ मा बसेको बैठक ( बैठक संख्या: ९/२०७९) को निर्णयबमोजिम संशोधन भएको ।

[३] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७८/१२/२४ मा बसेको बैठक ( बैठक संख्या: ४१/२०७८) को निर्णयबमोजिम संशोधन भएको ।

(ङ) इजाजतपत्रप्राप्त मनिचेञ्जरहरूले विदेशी मुद्रा कारोबारको हिसाब किताब दुरुस्त राख्नु पर्नेछ ।

(च) इजाजतपत्रप्राप्त मनिचेञ्जरहरूले आफ्ना ग्राहक तथा सेवाग्राहीहरूबाट परिवर्त्य विदेशी मुद्रा स्वीकार गर्दा अनुसूची-६ बमोजिमको ढाँचामा विदेशी विनिमय सटही रसिद (Foreign Exchange Encashment Receipt = FEER) जारी गर्नुपर्नेछ । इजाजतपत्रप्राप्त मनिचेञ्जरहरूले आफ्ना ग्राहक तथा सेवाग्राहीहरूबाट विदेशी मुद्रा कारोबार गर्दा राष्ट्र बैंकले तोके बमोजिम कागजात लिनु पर्नेछ ।

(छ) इजाजतपत्रप्राप्त मनिचेञ्जरहरूले प्राप्त गरेको इजाजतपत्र आफूले कारोबार गर्ने स्थानमा सर्वसाधारणले देख्ने गरी राख्नु पर्नेछ ।

(ज) मनिचेञ्जरले कुनै पनि बैंकसँग सम्झौता गरी पोइन्ट अफ सेल्स (पी.ओ.एस.), क्युआर कोड लगायतका विद्युतीय माध्यमबाट सटही सुविधा दिन सक्नेछ ।

(झ) इजाजतपत्रप्राप्त मनिचेञ्जरहरूले भारतीय रुपैयाँ खरिद गरी राष्ट्र बैंक वा बैंक तथा वित्तीय संस्थामा बुझाउन ल्याएमा राष्ट्र बैंकले तोकेको कमिशन प्रदान गरिनेछ ।

(ञ) मनिचेञ्जरले जम्मा गर्न ल्याएको परिवर्त्य विदेशी मुद्रा खरिद गर्दा प्रचलित विनिमय दरमा राष्ट्र बैंकबाट निर्धारित कमिशन कट्टा गरी खरिद गरिनेछ ।

(ट) कुनै कारणवश ३ दिनसम्म मनिचेञ्जर बन्द गर्नुपर्ने भएमा राष्ट्र बैंकलाई जानकारी गराउनु पर्नेछ र सोभन्दा बढी समयका लागि अनिवार्य रुपमा पूर्व स्वीकृति लिनुपर्नेछ । [१]

(ठ) नेपाल सरकारले विदेशी नागरिकबाट भिसालगायत अन्य शुल्क तथा जरिवाना बापतको रकम परिवर्त्य विदेशी मुद्रामा मात्र संकलन गर्ने व्यवस्था भएको हकमा अन्तर्राष्ट्रिय विमानस्थलस्थित परिवर्त्य विदेशी मुद्रा खरिद गर्न सक्ने गरी इजाजतपत्र लिएका मनिचेञ्जरले विदेशी नागरिकलाई सो प्रयोजनको लागि तोकिएको परिवर्त्य विदेशी मुद्रा बिक्री गर्न सक्नेछन् । यसरी परिवर्त्य विदेशी मुद्रा बिक्री गरेको कारोबारको विवरण (बिक्री मिति, ग्राहकको नाम, राहदानी नं., देश, बिक्रीको उद्देश्य र रकम) मासिक रुपमा महिना समाप्त भएको सात दिनभित्र सम्बन्धित विभागमा अनिवार्य रुपमा पेश गनुपर्नेछ । [२]

११. <u>मनिचेञ्जरले गर्न नहुने काम</u> : (१) मनिचेञ्जरले देहायका काम गर्नु वा गराउनु हुँदैन :-

---

[१] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७८/१२/२४ मा बसेको बैठक ( बैठक संख्या: ४१/२०७८) को निर्णयबमोजिम संशोधन भएको ।

[२] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/०६/१३ मा बसेको बैठक ( बैठक संख्या: २२/२०७९) को निर्णयबमोजिम संशोधन भएको ।

(क) भारतीय रुपैयाँको खरिद/बिक्री कारोबार गर्न मात्र इजाजतपत्रप्राप्त मनिचेञ्जरले परिवर्त्य विदेशी मुद्रा खरिदको कारोबार गर्न ।

(ख) परिवर्त्य विदेशी मुद्राको खरिद/बिक्री कारोबार गर्न मात्र इजाजतपत्रप्राप्त मनिचेञ्जरले भारतीय रुपैयाँको खरिद बिक्री कारोबार गर्न । [१]

(ग) व्यापार गर्ने उद्देश्यले मालसामान खरिद बिक्री गर्न वा राष्ट्र बैंकको स्वीकृतिमा कार्यालय प्रयोजनको निमित्त आवश्यक पर्ने बाहेक भवन निर्माण गर्न, अचल सम्पत्ति खरिद गर्न वा अन्य कम्पनीमा लगानी गर्न ।

(घ) आफ्ना कर्मचारी बाहेक अन्य कसैलाई पनि कुनै पनि किसिमको कर्जा तथा सापटी प्रदान गर्न ।

(ङ) राष्ट्र बैंकबाट प्रदान भएको इजाजतपत्रमा तोकिएका कार्यहरू बाहेक विदेशी विनिमय सम्बन्धी अन्य कुनै पनि कारोबार गर्न ।

## परिच्छेद - ४

## निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धी व्यवस्था

१२. निरीक्षण तथा सुपरिवेक्षण गर्ने :

(१) राष्ट्र बैंकले आवश्यकतानुसार मनिचेञ्जरको स्थलगत निरीक्षण तथा गैर-स्थलगत सुपरिवेक्षण वा दुवै गर्न सक्नेछ ।

(२) उपविनियम (१) बमोजिम निरीक्षण तथा सुपरिवेक्षण गर्दा काठमाडौं उपत्यकास्थित मनिचेञ्जरको हकमा सम्बन्धित सुपरिवेक्षण विभागबाट र काठमाडौं उपत्यका बाहिरका मनिचेञ्जरको हकमा सम्बन्धित सुपरिवेक्षण विभाग वा राष्ट्र बैंकको सम्बन्धित प्रदेशस्थित कार्यालयबाट गरिनेछ । [२]

(३) राष्ट्र बैंकले निरीक्षण तथा सुपरिवेक्षणका लागि आवश्यकता अनुसार निरीक्षण तथा सुपरिवेक्षण टोली खटाउने छ ।

(४) सम्बन्धित सुपरिवेक्षण विभागबाट काठमाडौं उपत्यका बाहिरका मनिचेञ्जरको निरीक्षण तथा सुपरिवेक्षण गर्दा आवश्यकता अनुसार राष्ट्र बैंकको प्रदेशस्थित कार्यालयको कर्मचारीलाई समेत निरीक्षक तथा सुपरिवेक्षकको रुपमा खटाउन सकिनेछ । [३]

(५) आफ्नो कार्यक्षेत्र भित्रका मनिचेञ्जरको निरीक्षण तथा सुपरिवेक्षण प्रदेशस्थित कार्यालयले गर्न सक्नेछन् । सम्बन्धित सुपरिवेक्षण विभागबाट अनुरोध

---

[१] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/०३/१५ मा बसेको बैठक ( बैठक संख्या: ९/२०७९) को निर्णयबमोजिम संशोधन भएको ।

[२] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/०३/१५ मा बसेको बैठक ( बैठक संख्या: ९/२०७९) को निर्णयबमोजिम संशोधन भएको ।

[३] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/०३/१५ मा बसेको बैठक ( बैठक संख्या: ९/२०७९) को निर्णयबमोजिम संशोधन भएको ।

भईआएमा प्रदेशस्थित कार्यालयले इजाजतपत्रप्राप्त मनिचेञ्जरको निरीक्षण तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन विभागमा पेश गर्नुपर्नेछ । [1]

१३. निरीक्षण तथा सुपरिवेक्षण प्रतिवेदन :

(१) निरीक्षण तथा सुपरिवेक्षण टोलीले निरीक्षण तथा सुपरिवेक्षण कार्य समाप्त गरी कार्यालय/सम्बन्धित सुपरिवेक्षण विभागमा उपस्थित भएको पाँच कार्यदिन भित्र निरीक्षण तथा सुपरिवेक्षण प्रतिवेदन सम्बन्धित सुपरिवेक्षण विभागको प्रमुख/कार्यालय प्रमुख समक्ष पेश गर्नुपर्नेछ । निरीक्षण तथा सुपरिवेक्षण प्रतिवेदन तयार गर्दा आवश्यकतानुसार देहायका विषयवस्तु समावेश गर्नु पर्नेछः- [२]

(क) निरीक्षण तथा सुपरिवेक्षणको उद्देश्य तथा क्षेत्र र प्रकार,

(ख) निरीक्षण तथा सुपरिवेक्षण अवधि,

(ग) वित्तीय विश्लेषण, नगद तथा बैंक मौज्दात र पुँजीको अवस्था,

(घ) सम्पत्ति शुद्धीकरण तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी व्यवस्था पालनाको अवस्था,

(ङ) निरीक्षण तथा सुपरिवेक्षणको क्रममा देखिएका प्रमुख कैफियतहरू,

(च) अघिल्लो निरीक्षण तथा सुपरिवेक्षणका क्रममा देखिएका कैफियतहरू र सो को सुधारको अवस्था,

(छ) निरीक्षण तथा सुपरिवेक्षणको निष्कर्ष,

(ज) मनिचेञ्जरलाई दिइने सुझाव/निर्देशन र

(झ) राष्ट्र बैंकले तोकेका तथा आवश्यक ठानेका अन्य विवरणहरू ।

## परिच्छेद - ५

## कारबाही, सजाय तथा जरिवाना सम्बन्धी व्यवस्था

१४. नियमन उल्लङ्घन गरेको मानिने : मनिचेञ्जरले नेपाल राष्ट्र बैंक ऐन, २०५८, विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ तथा उल्लिखित ऐनहरू अन्तर्गत बनेका नियम, विनियम एवम् प्रचलित कानुन तथा सो अन्तर्गत राष्ट्र बैंकले समय समयमा जारी गरेका परिपत्र, आदेश, निर्देशन, सूचना र इजाजतपत्र प्रदान गर्दा तोकिएका शर्तहरूको पालना नगरेमा यस विनियमावली बमोजिम नियमन उल्लङ्घन गरेको मानिनेछ ।

[1] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/०३/१५ मा बसेको बैठक ( बैठक संख्याः ९/२०७९) को निर्णयबमोजिम संशोधन भएको ।

[२] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/०३/१५ मा बसेको बैठक ( बैठक संख्याः ९/२०७९) को निर्णयबमोजिम संशोधन भएको ।

१५. कारबाही सम्बन्धमा : निरीक्षण प्रतिवेदनमा उल्लिखित कैफियतको प्रकृति हेरी राष्ट्र बैंकले कारबाही गर्नु पर्ने भए राष्ट्र बैंकले कारवाही गर्ने तथा नेपाल सरकारको सम्बन्धित निकायको क्षेत्राधिकारभित्र पर्ने भए सो निकायलाई आवश्यक छानबिन तथा कारबाहीका लागि लेखी पठाउनेछ ।

१६. नियमन उल्लङ्घन गरेमा मनिचेञ्जरलाई हुने सजाय तथा जरिवाना : (१) विनियम १४ बमोजिमको नियमन उल्लङ्घन गरेमा मनिचेञ्जरलाई राष्ट्र बैंकले देहाय बमोजिमको एक वा एकभन्दा बढी सजाय तथा जरिवाना गर्न सक्नेछ ।

(क) सचेत गराउने,

(ख) लिखित चेतावनी दिने,

(ग) नियमन उल्लङ्घनको प्रकृति हेरी मनिचेञ्जर कारोबारमा एक महिना देखि १ वर्षसम्मको प्रतिबन्ध लगाउने,

(घ) राष्ट्र बैंकमा रहेको नगद धरौटी जफत गर्ने वा सम्पूर्ण धरौटी जफत गर्ने वा दुवै गर्ने,

(ङ) नियमन उल्लङ्घनको प्रकृति हेरी रु. पचास हजार देखि रु.पाँच लाख रुपैयाँसम्म नगद जरिवाना गर्ने,

(च) इजाजतपत्र निलम्बन गर्ने, वा रद्द गर्ने ।

१७. नियमन उल्लङ्घन गरेमा मनिचेञ्जरको सञ्चालक, पदाधिकारी तथा कर्मचारीलाई हुने सजाय तथा जरिवाना :

(१) नेपाल राष्ट्र बैंक ऐन, २०५८, विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ तथा सो अन्तर्गत बनेको नियम वा विनियम वा राष्ट्र बैंकले जारी गरेको आदेश वा निर्देशन इजाजतपत्र प्राप्त कम्पनीका सञ्चालक तथा पदाधिकारीले उल्लङ्घन गरेमा वा निरीक्षण तथा सुपरिवेक्षणको सिलसिलामा राष्ट्र बैंक वा निरीक्षण तथा सुपरिवेक्षण गर्ने अधिकारीले माग गरेको कागजात, विवरण वा तथ्याङ्क तोकिएको समयभित्र पेश नगरेमा मनिचेञ्जरको त्यस्तो सञ्चालक तथा पदाधिकारीलाई राष्ट्र बैंकले देहाय बमोजिमको सजाय तथा जरिवाना गर्न सक्नेछ :-

(क) सचेत गराउने वा लिखित चेतावनी दिने,

(ख) नसिहत दिने,

(ग) नियमन उल्लङ्घनको प्रकृति हेरी बीस हजार देखि दुई लाख रुपैयाँसम्म नगद जरिवाना गर्ने,

(घ) निलम्बनमा राख्ने ।

(२) मनिचेन्जरको कर्मचारीले उप-विनियम (१) बमोजिमको नियमन उल्लङ्घन गरेमा त्यस्तो कर्मचारी उपर विभागीय कारबाहीको लागि राष्ट्र बैंकले सम्बन्धित मनिचेन्जरलाई लेखी पठाउन सक्नेछ ।

१८. कारबाहीको कार्यविधि :

(१) विनियम १६ र १७ बमोजिम सजाय तथा जरिवाना गर्दा राष्ट्र बैंकले देहायको कार्यविधि अवलम्बन गर्नु पर्नेछ ।

(क) विनियम १४ बमोजिमको नियमन उल्लङ्घन गरेको देखिएमा विवरण उल्लेख गरी मनिचेन्जर, सञ्चालक तथा पदाधिकारीलाई पन्ध्र दिनको म्याद दिई लिखित स्पष्टीकरण सोध्नु पर्नेछ । आरोपित मनिचेन्जर, सञ्चालक वा पदाधिकारीले पन्ध्र दिनभित्र लिखित स्पष्टीकरण पेश गर्नुपर्नेछ । तोकिएको म्यादभित्र लिखित स्पष्टीकरण पेश नगरेमा वा पेश गरेको स्पष्टीकरण चित्त बुझ्दो नभएमा उक्त मनिचेन्जर, सञ्चालक वा पदाधिकारीलाई विनियम १६ र १७ बमोजिमको कारबाही अगाडि बढाउन कुनै बाधा पर्ने छैन ।

(ख) आरोपित मनिचेन्जर, सञ्चालक वा पदाधिकारीले सो कसूर उपर असहमति व्यक्त गरेको व्यहोरा चित्त बुझ्दो भएमा राष्ट्र बैंकले त्यस्तो आरोपलाई संशोधन, सीमित वा खारेज गर्न सक्नेछ ।

(ग) प्रथम पटक सोधिएको लिखित स्पष्टीकरण पेश गरेपछि उक्त स्पष्टीकरण सन्तोषजनक नभएमा प्रस्तावित सजाय गर्नुअघि राष्ट्र बैंकले देहाय बमोजिमका कुराहरू उल्लेख गरी आरोपित मनिचेन्जर, सञ्चालक वा पदाधिकारीलाई प्रस्तावित जरिवाना तथा सजायको बारेमा आफ्नो सफाई पेश गर्न सात दिनको म्याद दिई लिखित जानकारी दिनु पर्नेछ :

(१) नियमन उल्लङ्घनको प्रकृति,

(२) नियमन उल्लङ्घनको प्रकृति अनुरुप लगाउन सकिने जरिवानाको रकम तथा प्रस्तावित सजाय र

(३) नियमन उल्लङ्घनको संक्षिप्त व्यहोरा ।

(२) उपविनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विनियम १६ उपविनियम (१) को खण्ड (क) र (ख) तथा विनियम १७ को उपविनियम (१) को खण्ड (क) र (ख) अन्तर्गतको सजाय तथा जरिवाना गर्दा कुनै पनि किसिमको कार्यविधि अपनाउनु पर्ने छैन ।

## परिच्छेद - ६

## इजाजतपत्र नवीकरण, निलम्बन तथा रद्द सम्बन्धी व्यवस्था

१९. इजाजतपत्र नवीकरण, निलम्बन तथा रद्द :

(१) मनिचेञ्जरले इजाजतपत्रको म्याद समाप्त हुनु अगावै नवीकरण सम्बन्धी प्रक्रिया शुरु गर्नु पर्नेछ । इजाजतपत्रको नवीकरण गर्ने सम्बन्धी निवेदन इजाजतपत्रको म्याद समाप्त हुनुभन्दा एक महिना अगाडिदेखि राष्ट्र बैंकसमक्ष पेश गर्न सकिने छ । मनिचेञ्जरको इजाजतपत्र नवीकरण गर्दा अनुसूची-११ बमोजिमको ढाँचामा अनुसूची-११(क) बमोजिमका कागजातहरू संलग्न गरी आवेदन दिनु पर्नेछ । यसरी नवीकरण गर्दा देहाय बमोजिमको एकमुष्ट शुल्क लिई तीन वर्षको लागि इजाजतपत्र नवीकरण गरिनेछ :-

(क) भारतीय रुपैयाँ खरिद बिक्री कारोबारका लागि पच्चिस हजार रुपैयाँ ।

(ख) परिवर्त्य विदेशी मुद्राको खरिद कारोबारका लागि एक लाख रुपैयाँ ।

(ग) खण्ड (क) र (ख) बमोजिमका दुवै कारोबारका लागि एक लाख पच्चीस हजार रुपैयाँ ।

(घ) विदेश भ्रमणमा जाने नेपाली नागरिकहरुलाई राहदानी बापत तोकिएबमोजिमको सटही सुविधा प्रदान गर्ने कारोबारका लागि थप पच्चीस हजार रुपैयाँ ।[१]

(२) इजाजतपत्रको म्याद समाप्त भएपछि म्याद समाप्त भएको मितिले तीन महिनाभित्र नवीकरणको लागि निवेदन दिएमा नवीकरण शुल्क र नवीकरण शुल्कको शतप्रतिशत रकमले हुन आउने रकम बराबरको विलम्ब शुल्क लिई राष्ट्र बैंकले इजाजतपत्र नवीकरण गर्न सक्नेछ ।

(३) उप विनियम (२) बमोजिमको अवधिभित्र समेत इजाजतपत्र नवीकरण नगर्ने मनिचेञ्जरको धरौटी तथा नगद धरौटी जफत गरी इजाजतपत्र रद्द गरिनेछ ।

(४) इजाजतपत्रको नवीकरण काठमाडौं उपत्यकाको हकमा विभागले र उपत्यका बाहिरको हकमा राष्ट्र बैंकका सम्बन्धित प्रदेशस्थित कार्यालयले गर्न सक्नेछन् । उपत्यका बाहिर अवस्थित तर प्रदेशस्थित कार्यालय पायक नपर्ने मनिचेञ्जरको नवीकरण विभागले गर्न सक्नेछ । इजाजतपत्रको नवीकरण गर्दा अनुसूची-१२ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गरिने छ ।

(५) प्रचलित कानुनी व्यवस्था बमोजिम र विनियम १६ को उपविनियम (१) को खण्ड (च) बमोजिम इजाजतपत्र निलम्बनमा राखिनेछ ।

## परिच्छेद-७

## विविध

२०. सुरक्षाको व्यवस्था मिलाउनु पर्ने :

---

[१] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/०३/१५ मा बसेको बैठक ( बैठक संख्या: ९/२०७९) को निर्णयबमोजिम संशोधन भएको ।

(१) मनिचेञ्जरले आफ्नो कारोबारको लागि चाहिने सुरक्षाको निमित्त उपयुक्त सेफ वा क्यास भल्ट प्रयोग गर्नुपर्नेछ र सोको सुरक्षाको व्यवस्था आफैले मिलाउनु पर्नेछ ।

(२) मनिचेञ्जरले राष्ट्र बैंक वा बैंक तथा वित्तीय संस्थामा रकम जम्मा गर्न जाँदा वा लिएर आउँदा सुरक्षाको व्यवस्था आफैले मिलाउनु पर्नेछ ।

२१. <u>कारोबारको स्थान परिवर्तन तथा शेयर स्वामित्व परिवर्तन :</u>

(१) मनिचेञ्जरले सामान्यतया आफ्नो कारोबारको स्थान र शेयरधनी परिवर्तन गर्न पाउने छैन । तर इजाजतप्राप्त मनिचेञ्जरको अनुरोधमा देहायको अवस्थामा कारोबार स्थान परिवर्तनको स्वीकृति प्रदान गर्न बाधा पुऱ्याएको मानिने छैन :

(क) हाल कुनै पनि मनिचेञ्जर वा बैंक तथा वित्तीय संस्थाको उपस्थिति नभएको स्थान जस्तै नयाँ अन्तर्राष्ट्रिय विमानस्थल तथा अन्य पर्यटकीय सम्भावना भएको स्थान, अन्तर्राष्ट्रिय नाकामा स्थानान्तरण गर्न र पर्यटकको आवागमनलाई हेरी साबिकका मनिचेञ्जरले मात्र सेवा आपूर्ति नहुने देखिएमा स्थानान्तरण गर्न,

(ख) कुनै पनि स्थान जसको नजिकको परिधिको क्षेत्रभित्र त्यसप्रकारका विदेशी विनिमय सटही कारोबार गर्न इजाजतपत्रप्राप्त संस्था नभएको स्थानमा स्थानान्तरण गर्न,

(ग) कुनै पनि मनिचेञ्जर कम्पनीको घर बहालको सम्झौता समाप्त भई वा अन्य कुनै कारणले सोही घरमा मनिचेञ्जर कम्पनी रहन नसक्ने अवस्थामा साबिक स्थानको करीब १ कि.मी. सम्मको परिधिभित्रको स्थानमा स्थानान्तरण गर्न,

(घ) राष्ट्र बैंकबाट गरिएको निरीक्षण तथा सुपरिवेक्षण प्रतिवेदनमा हाल सञ्चालनमा रहेको मनिचेञ्जर कम्पनीको स्थान उपयुक्त नरहेको भन्ने उल्लेख भएमा साबिक स्थानको करीब १ कि.मी. सम्मको परिधि भित्रको स्थानमा स्थानान्तरण गर्न,

(ङ) स्थान परिवर्तनको स्वीकृतिका लागि खण्ड (क), (ख), (ग) र (घ) बमोजिम प्राप्त निवेदनको अध्ययन गर्दा कारण मनासिव देखिएमा तथा प्रस्तावित कारोबार गर्ने स्थानको भौतिक पूर्वाधारको निरीक्षण तथा सुपरिवेक्षण गर्दा उपयुक्त देखिएमा पाँच हजार रुपैयाँ दस्तुर लिई विभागले स्थान परिवर्तन गर्ने स्वीकृति दिन सक्नेछ ।

(२) इजाजतपत्रप्राप्त मनिचेञ्जरलाई देहायको अवस्थामा कम्पनीको स्वामित्व हस्तान्तरण गर्ने सहमति प्रदान गर्न उप-विनियम (१) ले बाधा पुऱ्याएको मानिने छैन :

(क) मनिचेञ्जर शेयरधनीको मृत्यु भएको/विरामी भएको/अशक्त भएमा सोको प्रमाणको आधारमा स्वामित्व हस्तान्तरण गर्न ।

(ख) एकाघर परिवारको नाममा हक हस्तान्तरण गर्न ।

(ग) एकाघर परिवारका कुनै पनि सदस्य नरहेको अवस्था देखाई प्रमाण पेश गरेमा नेपालको विद्यमान कानुनी आधारमा नजिकको हकदार भनी नेपाल सरकारको सम्बन्धित निकायले प्रमाणित गरेको प्रमाणलाई आधार मानी स्वामित्व हस्तान्तरण गर्न ।

(घ) स्वामित्व परिवर्तन गर्ने सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति लिई यस बैंकमा स्वामित्व हस्तान्तरणको सहमतिका लागि यो विनियमावली लागु हुनु पूर्व निवेदन दर्ता गराइसकेको अवस्थामा ।

(ङ) हक हस्तान्तरणका लागि खण्ड (क), (ख) र (ग) बमोजिम प्राप्त निवेदनको अध्ययन गर्दा कारण मनासिव देखिएमा तथा प्रस्तावित सञ्चालक तथा पदाधिकारीको योग्यता यस विनियमावलीको विनियम ४ को उपविनियम (३) अन्तर्गतको योग्यता बमोजिम भएमा पाँच हजार रुपैयाँ दस्तुर लिई विभागले कम्पनीको स्वामित्व हस्तान्तरणको पूर्व सहमति प्रदान गर्न सक्नेछ । तर खण्ड (घ) बमोजिमको हक हस्तान्तरणका लागि पूर्व सहमति आवश्यक पर्ने छैन ।

२२. <u>मनिचेञ्जरले कारोबार बन्द गरी इजाजतपत्र खारेज गर्ने निवेदन दिने व्यवस्थाः</u>

(१) मनिचेञ्जरले कुनै कारणवश आफ्नो कारोबार बन्द गरी इजाजतपत्र खारेज गराउन चाहेमा विभाग वा सम्बन्धित प्रदेशस्थित कार्यालयको पूर्व स्वीकृतिका लागि निवेदन पेश गर्नु पर्नेछ । त्यस्तो निवेदन इजाजतपत्रको म्याद समाप्त हुनु अगावै पेश गर्नु पर्नेछ ।

(२) मनिचेञ्जर कारोबार बन्द गरी इजाजतपत्र खारेज गर्ने निर्णय गर्नु पूर्व राष्ट्र बैंकले राष्ट्रियस्तरको दैनिक पत्रिकामा पैंतिस दिने सार्वजनिक सूचना प्रकाशन गर्नेछ र सोको खर्च सम्बन्धित मनिचेञ्जरले नै व्यहोर्नु पर्नेछ । मनिचेञ्जर कारोबार बन्द गरी इजाजतपत्र खारेज गर्दा राष्ट्र बैंकले सम्बन्धित मनिचेञ्जरको धरौटी तथा नगद धरौटी समेत राफसाफ गरी फुकुवा गर्नेछ ।

२३. <u>रसिद जारी गर्ने र विवरण राख्ने तरिका :</u>

(१) मनिचेञ्जरले अनुसूची-६ बमोजिमको ढाँचामा परिवर्त्य विदेशी विनिमयको सटही विवरण तयार गरी अद्यावधिक रूपमा राख्नुपर्नेछ ।

(२) मनिचेञ्जरले परिवर्त्य विदेशी मुद्रा खरिद/बिक्री गरेको र राष्ट्र बैंक वा बैंक तथा वित्तीय संस्थामा जम्मा गरेको कारोबारको दैनिक खरिद/बिक्री रजिष्टर खडा गर्नुपर्नेछ र यसरी तयार गरिएको दैनिक विवरणका आधारमा मासिक तथा वार्षिक विवरण तयार गरी अद्यावधिक रूपमा राख्नु पर्नेछ । [१]

---

[१] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/०३/१५ मा बसेको बैठक ( बैठक संख्याः ९/२०७९) को निर्णयबमोजिम संशोधन भएको ।

(३) मनिचेञ्जरले भारतीय रुपैयाँ खरिद/बिक्री गरेको र राष्ट्र बैंक वा बैंक तथा वित्तीय संस्थामा दाखिला गरेको कारोबारको दैनिक खरिद/बिक्री अभिलेख राख्नु पर्नेछ ।

२४. विवरण पेश गर्ने :

(१) मनिचेञ्जर कारोबार अन्तर्गत परिवर्त्य विदेशी मुद्रा खरिद रसिदको आधारमा तयार गरिने मासिक विवरण अनुसूची-७ बमोजिमको ढाँचामा, परिवर्त्य विदेशी मुद्राको मासिक खरिद तथा बिक्री विवरण अनुसूची-८ बमोजिमको ढाँचामा र भारतीय रुपैयाँको मासिक खरिद तथा बिक्री विवरण अनुसूची-९ बमोजिमको ढाँचामा तयार गरी काठमाडौं उपत्यकाको हकमा सम्बन्धित सुपरिवेक्षण विभागमा र काठमाडौं उपत्यका बाहिरको हकमा राष्ट्र बैंकको प्रदेशस्थित कार्यालयमा महिना समाप्त भएको पन्ध्र दिनभित्र अनिवार्य रूपमा पेश गर्नुपर्नेछ । यस प्रकारको विवरण विद्युतीय माध्यमबाट पनि पेश गर्न सकिनेछ । [१]

(२) उपविनियम (१) बमोजिमको विवरणका अतिरिक्त विभाग वा सम्बन्धित सुपरिवेक्षण विभागले समयसमयमा माग गरे अनुसारको विवरण पेश गर्नु सम्बन्धित मनिचेञ्जरको कर्तव्य हुनेछ । [२]

(३) प्रत्येक आर्थिक वर्षको हिसाब किताबको प्रचलित कानुनले निर्धारण गरेको समयावधिभित्र लेखापरीक्षण गराई सोको एक प्रति सम्बन्धित सुपरिवेक्षण विभाग/कार्यालयमा पेश गर्नुपर्नेछ । [३]

२५. लेखा राख्नु पर्ने : मनिचेञ्जरहरूले पुँजी, दायित्व, सम्पत्ति, आम्दानी, खर्च, लगायतका कारोबार स्पष्ट देखिने गरी लेखा राख्नु पर्नेछ । यसरी लेखाङ्कन गर्दा नेपाल लेखामानले तोकेका मापदण्डको पालना गर्नु पर्नेछ ।

२६. साईन बोर्ड सम्बन्धी व्यवस्था :

(१) इजाजतपत्रप्राप्त मनिचेञ्जरले आफ्नो कारोबार स्थलमा अनुसूची-१० बमोजिमको ढाँचामा तयार गरिएको साईन बोर्ड राख्नु पर्नेछ ।

(२) निर्धारित साईन बोर्डमा कम्पनीले थप जानकारीमूलक कुनै कुरा राख्नु परेमा विभागको स्वीकृति लिनु पर्नेछ ।

२७. राहदानी बापत परिवर्त्य विदेशी मुद्रा बिक्री गर्ने इजाजतपत्र सम्बन्धमा : यस विनियमावली लागु भएपछि मनिचेञ्जरलाई विदेश भ्रमणमा जाने नेपाली नागरिकहरूलाई राहदानी बापत परिवर्त्य विदेशी मुद्रा बिक्री गर्ने गरी इजाजतपत्र प्रदान गर्ने कार्य बन्द गरिएको छ । साथै, यस विनियमावली लागु हुनु पूर्व विदेश भ्रमणमा

---

[१] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/०३/१५ मा बसेको बैठक ( बैठक संख्याः ९/२०७९) को निर्णयबमोजिम संशोधन भएको ।

[२] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/०३/१५ मा बसेको बैठक ( बैठक संख्याः ९/२०७९) को निर्णयबमोजिम संशोधन भएको ।

